वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ८० २०८३ असार ३० गते मंगलबार, नेपाल सम्वत् ११४६ July 14, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'

भञ्ज्याङ bhanjyangnews.com

भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

बेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com

विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह

# २१३औं भानु जयन्ती - भानुभक्त जन्मस्थलको संरक्षण र प्रवर्द्धन गर्नेे दायित्व सबैको हो : मुख्यमन्त्री पाण्डे

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा विविध कार्यक्रम गरी २१३औं भानु जन्मजयन्ती मनाइएको छ। भानु जन्मस्थल विकास समितिले सोमबार चुँदीरम्घामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आदिकवि भानुभक्त आचार्यको जन्मस्थलको संरक्षण, प्रवर्द्धन र सम्वर्द्धन गर्ने दायित्व यहाँका स्थानीयका साथै तीनै तहका सरकारको भएको बताएका छन् ।

भानु जन्मस्थलको विकाससँगै भाषिक पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै मुख्यमन्त्री पाण्डेले भने, "आदिकवि भानुभक्तले नेपाली भाषामार्फत हामीलाई जोड्नुभयो । अब हामी विकास र समृद्धिमार्फत तनहुँका हरेक नागरिकलाई जोड्ने प्रण गरौं । समय बित्दै जाँदा भानु उद्यान साहित्यिक केन्द्रको सान्दर्भिकता बढ्दै जान्छ भन्ने महसुस गरेको छु । अहिले मुलुकका लाखौं युवा शिक्षा र रोजगारीका लागि विदेशिएका छन् । आगामी सयौं वर्षपछि विदेशियाका नेपालीका सन्तति आफ्नो भाषा र साहित्यको पहिचान खोज्न यहीं थलोमा आउनेछन् ।"

यसको महत्व जतिजति समय बढ्दै जान्छ उतिउति संसारभरि फैलिँदै जाने बताउँदै यसका लागि आपसी सहकार्य र समन्वयमार्फत अहिले त्यो जग खडा गर्नुपर्नेमा उनले जोड दिए । उनले भने, "भाषिक एकीकरण गर्ने व्यक्तित्वको जन्मस्थललाई साहित्यिक पर्यटनसँग जोडेर प्रवर्द्धन गर्न हामी सबै नेपाली एकजुट हुनुपर्छ ।"

कार्यक्रममा प्रतिनिधिसभाका सांसद श्रीराम न्यौपानेले आज पनि यस पवन जन्मभूमिमा उभिएर आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्नु मेरा लागि पारिवारिक गौरव र आत्मिक सौभाग्य भएको बताए । उनले भने, "आज असार २९ गते हामी नेपाली भाषा र साहित्यका अमर साधक आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती मनाउन यहाँ एकत्रित भएका



छौं, यसले मलाई सोभाग्यमानी महसुस गराइरहेको छ ।"

सांसद न्यौपानेले तनहुँको समृद्धिका लागि सामूहिक प्रयासको आह्वान गरे । यसमा स्थानीय स्रोतसाधनको उपयोग, युवाहरूको सीप विकास तथा रोजगारी सिर्जना, कृषि, पर्यटन र भाषा, साहित्यको प्रवर्द्धनका साथै खानेपानी, सिँचाइ र सडकजस्ता पूर्वाधार आयोजनाहरु समावेश गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए।

सांस्कृतिक तथा भौगोलिक रूपमा महत्व बोकेको तनहुँका समृद्ध सांस्कृतिक तथा भौगोलिक स्थलहरु जस्तै व्यास, देवघाट, बन्दिपुर, मनहुँकोट, छब्दी बाराही र ढोरबाराहीलाई प्रमुख सम्पदास्थलका रूपमा समावेश गरेर विकास र पर्यटन प्रवर्द्धन गरी जिल्लालाई समृद्ध बनाउन सकिने सांसद न्यौपानेले धारणा व्यक्त गरे । साथै, मर्स्याङ्दी, सेती, मादी र नारायणीजस्ता नदीले स्थानीय ऊर्जा, पर्यटन र विकासमा टेवा पुऱ्याउन सक्ने उनको भनाइ छ ।

भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले भावी पुस्ताका लागि भाषाको संरक्षण गरी आदिकवि भानुभक्तले भाषाका माध्यमबाट नेपालीहरूलाई एकताबद्ध गर्नुभएको बताए । साथै, लाखौं नेपालीहरु विदेशिने क्रमसँगै अमेरिका, बेलायत र जापानजस्ता देशमा रहेका भावीपुस्ताले आफ्नो भाषिक र साहित्यिक जराको खोजी गर्ने भएकाले नेपाली सम्पदाको संरक्षणका लागि आजै बलियो आधार तयार पार्नु अपरिहार्य भएको उनले उल्लेख गरे ।

**जन्मजयन्तीमा मात्रै भानुभक्तको जन्मथलोलामा चहलपहल**

असार महिना लागेपछि चुँदीरम्घामा चहलपहल बढ्छ । आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती नजिकिँदै जाँदा जन्मस्थलमा सरसफाइ हुन्छ, रङरोगन गरिन्छ, विभिन्न सांस्कृतिक तथा साहित्यिक कार्यक्रमको तयारी सुरू हुन्छ । साहित्यकार, विद्यार्थी, राजनीतिक नेतृत्व र सर्वसाधारणको आवतजावत बढ्छ । तर जयन्ती सकिएपछि फेरि त्यही जन्मथलो सुनसान बन्छ । वर्षभर नेपाली भाषाका महाकवि जन्मिएको यस पवित्र स्थल ओझेलमै पर्छ ।

नेपाली भाषा र साहित्यलाई जनस्तरसम्म पुऱ्याउने आदिकवि भानुभक्त आचार्यको जन्मथलो भानु नगरपालिका-४ चुँदीरम्घा हरेक वर्ष असार २९ गतेको वरिपरि मात्रै चर्चामा आउने गरेको छ । बाँकी समय भने यो ऐतिहासिकस्थल अपेक्षाकृत सुनसान रहने स्थानीयको गुनासो छ । स्थानीय स्थानीय सन्देश आचार्यले भानुभक्तको नामले देशभर सम्मान गरिए पनि उनको जन्मस्थलले अझै पनि अपेक्षित प्राथमिकता पाउन नसकेको बताए। 'जयन्तीका बेला सबै आउँछन्, भाषण गर्छन्, योजना सुनाउँछन् । कार्यक्रम सकिएपछि फेरि सबै हराउँछन् । वर्षभर जन्मथलो सुनसान नै हुन्छ', उनले गुनासो गरे ।

भानु जयन्तीका अवसरमा विभिन्न साहित्यिक गोष्ठी, कविता वाचन, सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ । विद्यालयका विद्यार्थीदेखि साहित्यकारसम्मको उपस्थिति रहने यस अवसरमा जन्मथलो केही दिनका लागि मात्रै जीवन्त बन्छ । तर स्थायी रूपमा पर्यटन र साहित्यिक गतिविधि सञ्चालन हुन नसक्दा त्यसको प्रभाव केही दिनमै हराउने गरेको उनको भनाइ छ ।

भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले चुँदीरम्घालाई अन्तरराष्ट्रियस्तरको साहित्यिक उद्यानका रूपमा विकास गर्ने महत्वाकांक्षी योजना कार्यान्वयनको चरणमा पुगेको बताए । यसका लागि संघीय सरकारले आगामी आर्थिक वर्षका लागि २४ करोड रूपैयाँभन्दा बढी बजेट सुनिश्चित गरिसकेको उनले बताए ।

'हामी चुँदीरम्घालाई केवल स्मारक स्थलमा सीमित राख्न चाहँदैनौं,' उनले भने, 'यसलाई साहित्यिक पर्यटनको केन्द्र र सप्तधामका रूपमा विकास गर्ने लक्ष्य राखेका छौं । बजेट सुनिश्चित भइसकेकाले अब निर्माण कार्यले गति लिन्छ ।'

गुरूयोजनाअनुसार नगरपालिकाले ४ सय ३५ रोपनी जग्गा अधिग्रहण गरिसकेको छ । सोही क्षेत्रमा बहुआयामिक साहित्यिक संरचना निर्माण गरिनेछ। चुँदीरम्घाको उत्तरतर्फ रम्घाडाँडामा परम्परागत गोलघर शैलीको भानु भवन निर्माण हुनेछ ।

बाँकी तेश्रो पेजमा

# बदलिंदो मौसमले फेरिएको किसानको 'क्यालेन्डर'

**जनक श्रेष्ठ/लमजुङ**

कुनै समय असार लागेसँगै खेतमा रोपाइँको चहलपहल बढ्थ्यो। असारभित्रै अधिकांश खेतमा धान रोपाइँ सकिन्थ्यो । साउन लाग्दा नलाग्दै रोपाइँ भएको खेत हरियाली छाएको देखिने किसानको परम्परागत क्यालेन्डर थियो। तर पछिल्ला वर्षमा मौसममा आएको परिवर्तनसँगै रोपाइँ हुने समय असारमा वर्षाद् नहुँदा पानीको अभावमा किसानको विगतको 'क्यालेन्डर' फेरिन थालेको छ ।



यो वर्ष असार सकिन लाग्दा खोला र खोल्सामा पानी नहुँदा अहिलेसम्म लमजुङका धेरै खेतमा रोपाइँ हुन सकेको छैन । अझै पनि किसान पानी पर्ने आशामा आकाशतिर हेरिरहेका छन् । धान रोपाइँको मुख्य समय मानिने असारको अन्त्यसम्म पनि जिल्लामा अपेक्षित रूपमा रोपाइँ हुन नसक्दा कतिपय किसान चिन्तित छन् । समयमा पर्याप्त वर्षा नहुँदा सिँचाइ सुविधा नभएका क्षेत्रका किसान बढी प्रभावित भएका छन् । कतिपय स्थानमा खोलाको पानी, कुलो तथा अन्य वैकल्पिक स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान अझै वर्षाको प्रतीक्षामा छन् ।

कृषि विकास कार्यालयका प्रमुख किरण सिग्देलका अनुसार असार २७ गतेसम्म जिल्लामा करिब ३० प्रतिशत मात्र धान रोपाइँ भएको छ । समयमा पानी नपर्नु र सिँचाइ सुविधा नभएका क्षेत्रमा पानीको अभाव हुनु रोपाइँ ढिलाइको मुख्य कारण रहेको उहाँ बताउनुहुन्छ । गत वर्ष भने यो समयमा धेरै रोपाइँ भइसकेको थियो। अघिल्लो वर्षको तुलनामा यस बर्ष रोपाइँ निकै पछाडि परेको प्रमुख सिग्देलले बताउनुभयो। "समयमा पानी नपरेका कारण रोपाइँ ढिला भएको छ । केही ठाउँमा खोलाको पानी तथा अन्य स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान अझै पानीको पर्खाइमा छन्", उहाँले भन्नुभयो ।

धान रोपाइँको समय स्थानअनुसार उत्पादनमा फरक पर्छ। गर्मी क्षेत्रका किसानले केही ढिला रोप्दा पनि उत्पादनमा ठूलो असर नपर्न सक्छ भने चिसो क्षेत्रका लागि समयमै रोपाइँ गर्नु आवश्यक हुन्छ । चिसो क्षेत्रमा ढिलो रोप्दा किराको समस्या आउने, बाली बिग्रने तथा उत्पादनमा असर पर्न सक्ने भएकाले असार १५ भित्रै रोपाइँ सक्नु उपयुक्त हुने उहाँले बताउनुभयो ।

पछिल्लो समय लमजुङमा स्थानीय जातको धानभन्दा हाइब्रिड जाततर्फ किसानको आकर्षण बढेको छ । हाइब्रिड जातको धान ढिलो रोप्दा तुलनात्मक रूपमा कम असर पर्ने र उत्पादन राम्रो हुने भएकाले किसान त्यसतर्फ आकर्षित हुँदै गएको पाइन्छ । कृषि मजदुरको अभाव र अनुकूल समयमा पानी नपाउनु पनि किसानका लागि चुनौती बनेको छ । कृषि विकास कार्यालयका अनुसार लमजुङमा कुल ६१ हजार ८१९ हेक्टर खेतीयोग्य जमिन छ। त्यसमध्ये नौ हजार २९९ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । दोर्दी गाउँपालिकामा पनि यस वर्ष धान रोपाइँ गत वर्षको तुलनामा निकै पछाडि परेको छ।

गाउँपालिकाका कृषि शाखा

बाँकी तेश्रो पेजमा

# व्यासको प्राथमिकता : पूर्वाधार विकास

**भञ्ज्याङ समाचारदाता/दमौली**

व्यास नगरपालिकाले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्दै सडक स्तरोन्नति, ढल व्यवस्थापन, विद्युतीकरण, सिँचाइ तथा नदी नियन्त्रणका कार्यक्रम अघि सारेको छ। नगरप्रमुख वैकुण्ठ न्यौपानेले नगरभित्रका सडकलाई वर्षभरि नै सञ्चालनयोग्य बनाउने तथा योजनाबद्ध रूपमा स्तरोन्नति गर्ने नीति लिइएको जानकारी दिए। उनका अनुसार नगरभित्रका सडकको लगत कट्टा गर्दै आवश्यक सडकलाई स्तरोन्नति गरिनेछ । दीर्घकालीन योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा एकीकृत सहरी विकास कार्यक्रमको मार्गदर्शनअनुसार नगरपालिकाको सन्तुलित विकास अवधारणालाई कार्यान्वयन गरिएको छ ।

नगरप्रमुख न्यौपानेले दमौलीसहितका सहरी क्षेत्रमा वर्षायाममा हुने डुबान र ढल निकासको समस्यालाई समाधान गर्न फोहर पानी प्रशोधन केन्द्रसहितको गुरूयोजना तयार गरी क्रमशः कार्यान्वयन गरिने बताए । नगरपालिका र नेपाल विद्युत् प्राधिकरणबीचको सहकार्यमा सहरी वडामा स्मार्ट लाइट जडान तथा ग्रामीण वडाका सबै गाउँमा विद्युतीकरण विस्तार गरिनेछ। सडक बत्तीलाई व्यवस्थित गर्दै 'उज्यालो नगरपालिका' अभियानलाई कार्यान्वयनमा ल्याइने उनको भनाइ छ ।

कृषि उत्पादन वृद्धि र सिँचाइ सुविधा विस्तारका लागि व्यास-१० दुम्सीचौरस्थित निर्माणाधीन नारेश्वर तालबाट पानी लिफ्ट गरी दुम्सीचौर क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्ने कार्यक्रमलाई पनि प्राथमिकतामा राखिएको छ। नगरपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई निरन्तरता दिने भएको छ । प्रत्येक वडा, बस्ती तथा टोल विकास संस्थाको सहभागिता र परामर्शमा

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# उत्पादन वृद्धि गरौं

नेपाललाई कृषि प्रदान देशका रूपमा चर्चा गरिन्छ । तर, नेपाल अहिले आफै उत्पादन गरी आत्मनिर्भर बन्ने भन्दा पनि परनिर्भरता तर्फ उन्मुख हुँदै गएको छ। अहिले मुरी उब्जाउनका लागि मानो रोप्ने समय हो । असारको अन्तिम साता चलिरहेको छ तर, प्रयाप्त वर्षा नहुँदा कृषकले सहज रूपमा धान विऊ रोपाइ गर्न सकेका छैनन् । वर्षा, भू–क्षयका कारण धान खेतीको क्षेत्रफल घट्ने क्रममा बढ्दै पनि गएको छ । कृषिमा आत्मनिर्भर मानिएको मुलुक नेपालमा अहिले धान खेती घट्दो क्रममा छ । बाढी, पहिरा, भू–क्षयका कारण धान खेतीको क्षेत्रफल घट्दै गएको छ । बाढी, पहिराका कारण सिँचाइ हुने क्षेत्रमा समेत पानीका अभाव भएर खेतीयोग्य जमिन बाँझिन थालेका छन् । विगतको तुलनामा वर्षेनी धान खेती र उत्पादन घट्दो अवस्थामा छ । यसको मुख्य एउटा कारण युवा विदेशिनु पनि हो। युवा जनशक्ति वैदेशिक रोजगारी तर्फ आकर्षित हुनु तथा कृषि पेशा उपेक्षामा पर्नुपनि एउटा कारण हो । योसंगै बर्सेनि वर्षायाममा आउने बाढीपहिराका कारण पनि धान खेती घट्दै गएको छ । सिँचाइ हुने खेतीयोग्य भूमि अहिले सिँचाइ हुन नसक्दा बाझिएका छन् । बर्सेनि आउने बाढीपहिराले धान खेत पुरिदिने, कुलो, नहर भत्किने, खेतमा धान रोप्ने बेलामा मल अभाव हुने र निर्माण तथा मर्मत नहुँदा खेतीयोग्य भूमि घट्दै गएको अवस्था छ ।

तनहुँका फाँटहरूमा चैते धान खेतीका लागि पनि उपयुक्त मानिन्छ । कृषकहरूले केतीपय फाँटलाई पकेट क्षेत्रकै रूपमा विकास गरी चैते धान खेती पनि गर्दै आएका छन् । तर, पछिल्लो समय चैते धान खेती गर्ने क्षेत्रफल पनि घट्दै गएको छ । खेती गर्ने समयमा आवश्यक पर्ने समस्याको समाधान गर्न सकिएमा उत्पादनलाई बढाउन सकिने अवस्था पनि छ । तनहुँमा ११ हजार हेक्टरमा वर्षे धान खेती हुने गरे पनि अहिले क्षेत्रफल घटेर करिब चार हेक्टर क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । तनहुँमा करिब २४ हजार मेट्रिक टन धान उत्पादन हुने गरेको छ । जिल्लाका कृषकहरूले रामधान, सावित्री, हर्दिनाथ १, हर्दीनाथ हाइब्रिड १ लगायतका धान लगाउने गरेका छन् । विभिन्न क्षेत्रमा सडक विस्तारको क्रममा खेतलाई गेग्रानले पुर्ने, कुलो पुर्ने, पुराना भएका कुलाको निर्माण गर्नुपर्ने अवस्था रहेको छ । नयाँ नयाँ हाइब्रिड धान लगाउनुपर्ने अवस्था रहेको छ, प्रविधिको उपयोग गरी उत्पादन बढाउने तर्फ कृषि पनि लागेका छन् । मानिसले काम गर्न गाह्रो मान्ने भएकाले कृषिलाई निरन्तरता दिन प्रोत्साहनका लागि धान रोप्ने, काट्ने, झाट्ने, धान प्रशोधन गर्ने मेसिन उपलब्ध गराउन पनि थालिएको छ ।

खेतको क्षेत्रफल नै घट्दै गएको अवस्थामा तनहुँमा चैते धान खेतीको क्षेत्रफलसँगै उत्पादन पनि घटेको छ । यस वर्ष २० प्रतिशतले धान उत्पादनमा कमी आउने कृषि ज्ञान केन्द्र तनहुँको अनुमान छ । धान फूल खेल्ने बेलामा यस वर्ष लामो समय खडेरी परेकाले फल राम्रो नलाग्दा उत्पादन घटेको किसान बताउँछन् । पछिल्लो केही वर्षयता चैतेधान खेतीको क्षेत्रफलसमेत घट्दै गएको छ । तनहुँमा विगतमा कूल छ हजार हेक्टर क्षेत्रफलमा चैते धान खेती हुँदै आएकामा अहिले एक हजार आठ सय हेक्टर क्षेत्रफलमा मात्र खेती गरिन्छ । जिल्लामा पाँच हजार मेट्रिक टन धान उत्पादन हुने र चैते धान बिक्रीमा समस्या, चिउरा मिल पर्याप्त नहुनु, खडेरीले पनि उत्पादनमा असर गर्ने गर्दा कृषकहरू आकर्षित हुन सकेका छैनन् । खेतमा सिँचाइ सुविधा नहुँदा यस वर्ष चैते धान उत्पादनमा ह्रास आएको छ । कृषिमा आधुनिक प्रविधि भित्र्याउन नसक्दा पनि खेतीयोग्य भूमि घट्दै गएको छ । गत वर्ष दुई हजार हेक्टर क्षेत्रफलमा चैते धान लगाइएकामा सात हजार मेट्रिक टन धान उत्पादन भएको थियो भने यस वर्ष एक हजार आठ सय हेक्टर क्षेत्रफलमा चैते धान लगाइएको छ । करिब छ हजार तीन सय मेट्रिक टन धान उत्पादन हुने ज्ञान केन्द्रको अनुमान छ ।




# आरोग्य जीवन राष्ट्रिय अभियानको सान्दर्भिकता

**परिवार, आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ ।**

♦ डिल्लीराज पौडेल

रोग लागेपछि उपचार गर्नु मात्र पर्याप्त हो वा रोगको जोखिम न्यूनीकरण गर्ने स्वस्थ जीवनशैली निर्माण गर्नु अझ ठूलो राष्ट्रिय जिम्मेवारी हो ? आजको सार्वजनिक स्वास्थ्य बहसको केन्द्रमा यही प्रश्न रहेको छ । स्वास्थ्य प्रणालीको सफलतालाई अब केवल अस्पताल, औषधि, उपचार सेवा वा स्वास्थ्य पूर्वाधारको विस्तारबाट मात्र मापन गर्न सकिँदैन । नागरिकले कति स्वस्थ, सचेत, जिम्मेवार तथा उत्पादनशील जीवन बिताइरहेका छन् भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण भएको छ । त्यसैले विश्वव्यापी रूपमा स्वास्थ्यको केन्द्रविन्दु उपचारमुखी सोचबाट क्रमशः रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा समग्र आरोग्यतर्फ रूपान्तरण हुँदै गएको छ ।

यस परिवर्तित सन्दर्भमा नेपालका लागि पनि आरोग्यलाई राष्ट्रिय विकासको आधारका रूपमा पुनःस्थापित गर्ने महत्वपूर्ण अवसर सृजना भएको छ । स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । त्यसैले स्वास्थ्यलाई केवल रोगको उपचारसँग सीमित नराखी नागरिकको जीवनशैली, मानसिक सन्तुलन, पोषण, सामाजिक व्यवहार, वातावरण तथा जीवनपद्धतिसँग जोडेर हेर्ने दृष्टिकोण सुदृढ हुँदै गएको छ । यही सोचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई राष्ट्रिय जनचेतना, स्वस्थ जीवनशैली तथा रोकथाममुखी सार्वजनिक स्वास्थ्यको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । यसले नेपालका लागि अर्को महत्वपूर्ण अवसर पनि सृजना भएको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको छ । यस घोषणाले आरोग्यलाई व्यक्तिगत जीवनशैलीको विषय मात्र नभई रोकथाममुखी सार्वजनिक स्वास्थ्य, मानसिक सुदृढता, सामाजिक कल्याण तथा दिगो विकाससँग जोडिएको विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गरेको छ । नेपालका लागि यो अन्तरराष्ट्रिय मान्यता केवल कूटनीतिक उपलब्धि मात्र होइन, आरोग्यमुखी जीवनशैली, सार्वजनिक स्वास्थ्य प्रवर्द्धन, आरोग्य कूटनीति, वेलनेस पर्यटन, आध्यात्मिक पर्यटन तथा मानव केन्द्रित विकासलाई राष्ट्रिय नीतिसँग एकीकृत गर्ने ऐतिहासिक अवसर पनि हो।

आधुनिक चिकित्सा विज्ञान मानव सभ्यताको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक हो । रोग पहिचान, निदान, शल्यक्रिया, औषधि, खोप, सघन उपचार तथा स्वास्थ्य प्रविधिमा भएको उल्लेखनीय प्रगतिले करोडौं मानिसको जीवन बचाएको छ, औसत आयु बढाएको छ तथा जटिल रोगहरूको प्रभावकारी उपचार सम्भव बनाएको छ ।

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेका बेला पनि गैरसंक्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्र रूपमा बढिरहेका छन् । यसले स्पष्ट रूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई समान प्राथमिकता दिनुपर्दछ ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसंक्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो । नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ । असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन् । यी तथ्याङ्कहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा औँल्याउँछन् ।

मानसिक स्वास्थ्यको अवस्था झन गम्भीर बन्दै गएको छ । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए, अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए । उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन् ।

विशेषगरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ । त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अङ्गका रूपमा समेटिनुपर्दछ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ । श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुनःस्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन् । त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिक मात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो । त्यसैले स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन। शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ । सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ। यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ ।

नेपालका सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ । बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याइरहेका छन् । त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ । विश्वव्यापी रूपमा पनि आरोग्यमुखी सोच तीव्र रूपमा विस्तार भइरहेको छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ। यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ । नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो। हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन्। साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैँमा आरोग्यमुखी जीवनशैलीका महत्वपूर्ण आधार हुन् । यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तर्राष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवर्द्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ।

आरोग्य भनेको रोगको अनुपस्थिति

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| | | |
|---|---|---|
| **मेष** आत्मविश्वास बढ्नेछ। नयाँ कामको थालनी गर्न अनुकूल समय छ। पारिवारिक सहयोग प्राप्त हुनेछ। | **वृष** साथीभाइसँगको भेटघाट सुखद रहनेछ। स्वास्थ्यमा सामान्य थकान महसुस हुन सक्छ । | **मिथुन** अध्ययन र बौद्धिक कार्यमा सफलता मिल्नेछ। आर्थिक निर्णय सोचविचार गरेर गर्नु उपयुक्त हुनेछ। |
| **कर्कट** धैर्य र संयमले काम गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। परिवारसँग समय बिताउने अवसर मिल्नेछ। | **सिंह** नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुनेछ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ। | **कन्या** आर्थिक पक्ष क्रमशः सुदृढ बन्नेछ। खानपान र स्वास्थ्यप्रति सजग रहनु आवश्यक छ। |
| **तुला** साझेदारीका काममा सफलता मिल्न सक्छ। नयाँ अवसरको सदुपयोग गर्न सकिने दिन छ। | **वृश्चिक** कामको चाप बढे पनि परिणाम सन्तोषजनक रहनेछ। खर्च नियन्त्रणमा राख्न प्रयास गर्नुहोस्। | विद्यार्थीका लागि दिन उत्साहजनक रहनेछ। प्रेम सम्बन्धमा विश्वास कायम राख्नु लाभदायी हुनेछ। |
| **मकर** घरपरिवारसँग सम्बन्धित काममा व्यस्तता बढ्न सक्छ। पुराना योजना कार्यान्वयन गर्ने अवसर मिल्नेछ। ध | **कुम्भ** महत्वपूर्ण भेटघाटको सम्भावना छ। सञ्चार र व्यापारसँग सम्बन्धित कार्यमा लाभ मिल्ने संकेत छ। | **मीन** परिवारबाट शुभ समाचार प्राप्त हुन सक्छ। बोली र व्यवहारमा संयम अपनाउँदा सम्बन्ध सुमधुर बन्नेछन्। |

# ऋण लिएर घ्यू खानेहरूको जमात

सरकारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा मन्त्री स्वर्णिम वाग्लेले हालै दिएको अभिव्यक्ति– "३,५०० रूपैयाँ लिएर एक लाख रूपैयाँको औषधि दिन सकिँदैन"ले स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता र सरकारको दायित्वबारे व्यापक बहस सिर्जना गरेको छ।

स्वास्थ्य बीमाका लागि वार्षिक ३,५०० रूपैयाँ तिरेका नागरिकले उपचारका क्रममा सहज सेवा पाउन नसकेको गुनासो लामो समयदेखि गर्दै आएका छन्। एउटा रोगको परीक्षण गराउनै दिनभर लाग्ने, सबै औषधि अस्पतालमा उपलब्ध नहुने, बीमाले समेटेका औषधिसमेत बाहिरबाट किन्नुपर्ने अवस्था विद्यमान छ। यस्तो परिस्थितिमा सरकारका जिम्मेवार मन्त्रीबाट आएको उक्त अभिव्यक्तिले आम नागरिकमा असन्तुष्टि बढ्नु स्वाभाविक हो।

विगतमा उच्चपदस्थ राजनीतिक नेतृत्व र कर्मचारीहरूले राज्यकोषबाट विदेशमा उपचार गराएको तथा उपचारका नाममा अनियमितता भएको समाचार सार्वजनिक भएका थिए। त्यसको तुलना गर्दा सामान्य नागरिकले स्वास्थ्य बीमाबाट समेत सहज उपचार नपाउने अवस्था विडम्बनापूर्ण देखिन्छ।

छिमेकी भारतमा सरकारी स्वास्थ्य सेवामार्फत धेरै नागरिकले निःशुल्क उपचार सुविधा पाउने गरेका छन्। त्यहाँ विभिन्न सामाजिक सुरक्षा कार्यक्रममार्फत विपन्न वर्गलाई खाद्यान्नसमेत उपलब्ध गराइन्छ। नेपालबाट रिफर गरिएका कतिपय बिरामीले पनि भारतमा उपचार पाएका उदाहरण छन्। अहिले भारतले आफ्ना नागरिकका लागि कागजात अनिवार्य गर्न थाले पनि त्यहाँको सार्वजनिक स्वास्थ्य प्रणाली नेपालका लागि अध्ययनको विषय हुन सक्छ।

नेपालमा सरकारले नै सुरु गरेको स्वास्थ्य बीमा कार्यक्रमको उद्देश्य नागरिकलाई उपचारमा आर्थिक सहुलियत उपलब्ध गराउनु थियो। बीमा लागू भएपछि पनि औषधि सहज रूपमा उपलब्ध नहुने, सूचीमा रहेका औषधि बजारबाट किन्नुपर्ने र सेवा सीमित हुने अवस्थाले कार्यक्रमप्रति नै प्रश्न उठाएको छ। यदि बीमाले समेटेका औषधि अस्पतालमा उपलब्ध छैनन् भने त्यसको वैकल्पिक व्यवस्था वा खर्चको भुक्तानी सरकारले गर्नुपर्ने तर्क उठिरहेको छ।

नागरिकले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न प्रकारका कर तिरिरहेका छन्। विदेशमा श्रम गरेर रेमिट्यान्स पठाउने नेपालीले समेत काम गरेको देशमा कर तिरेका हुन्छन्। त्यसैले राज्यले नागरिकलाई आधारभूत स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा पर्याप्त सुविधा उपलब्ध गराउनु उसको दायित्व हो। तर सरकार भने स्वास्थ्य बीमाको खर्चलाई नै बोझका रूपमा प्रस्तुत गरिरहेको देखिन्छ।

यसैबीच सार्वजनिक ऋण पनि निरन्तर बढिरहेको छ। सरकारले पुनः एसियाली विकास बैंक (एडीबी) लगायतका अन्तर्राष्ट्रिय निकायबाट सहुलियत ऋण लिने तयारी गरिरहेको समाचार आएका छन्। सार्वजनिक ऋण बढ्दै जाँदा त्यसको भार अन्ततः नागरिककै काँधमा पर्छ। पछिल्ला वर्षहरूमा नेपालको सार्वजनिक ऋण उल्लेखनीय रूपमा बढेको तथ्यांकले देखाएको छ। ऋणसँगै ब्याज भुक्तानीको दायित्व पनि तीव्र रूपमा बढ्दै गएको छ।



> सरकारले नागरिकलाई स्वास्थ्य, रोजगारी र सुरक्षाको प्रत्याभूति दिनुपर्छ। चुनावअघि गरिएका प्रतिबद्धता कार्यान्वयन गर्नु सरकारको दायित्व हो। निरन्तर ऋण लिएर ऋण तिर्ने चक्रमा मुलुक फस्दै गए भविष्य झन् चुनौतीपूर्ण बन्ने देखिन्छ ।
>
> **सुरेशकुमार पाण्डे**

लेखकको दृष्टिमा मुलुकमा संघीय शासन प्रणाली लागू भएपछि सरकारी खर्च उल्लेखनीय रूपमा बढेको छ। संघीय संरचनाले अपेक्षित आर्थिक प्रतिफल दिन नसकेको र राज्यको व्ययभार बढाएको उनको निष्कर्ष छ। यद्यपि यो विषय राजनीतिक रूपमा फरक-फरक दृष्टिकोणबाट व्याख्या हुने विषय हो।

राजतन्त्रको अन्त्यपछि लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि अपेक्षाअनुसार रोजगारी सिर्जना, औद्योगिक विकास र उत्पादन वृद्धि हुन नसकेको लेखकको दाबी छ। धेरै उद्योग बन्द भए, युवा रोजगारीका लागि विदेशिन बाध्य भए र मुलुकको आर्थिक अवस्था अझ जटिल बन्दै गएको छ।

वर्तमान सरकारलाई गरिब, किसान, सुकुम्बासी तथा श्रमजीवी वर्गको हितमा केन्द्रित नभएको छनक देखिन थालेको छ । सरकारले गरेका केही निर्णय र सार्वजनिक अभिव्यक्तिले सामान्य नागरिकको विश्वास कमजोर बनाएको छ। साथै, विदेशी ऋण र अन्तर्राष्ट्रिय सम्झौताप्रतिको सरकारको नीतिप्रति पनि आशंका गर्ने ठाउँ बनाएको छ ।

देशलाई आर्थिक रूपमा सुदृढ बनाउन अनावश्यक खर्च कटौती, राजस्व चुहावट नियन्त्रण, सुशासन कायम र उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड दिनुपर्ने हुन्छ । स्वास्थ्य बीमाजस्तो सामाजिक सुरक्षा कार्यक्रमलाई कमजोर बनाउनु समाधान नभई यसको व्यवस्थापन प्रभावकारी बनाउनुपर्छ ।

सरकारले नागरिकलाई स्वास्थ्य, रोजगारी र सुरक्षाको प्रत्याभूति दिनुपर्छ। चुनावअघि गरिएका प्रतिबद्धता कार्यान्वयन गर्नु सरकारको दायित्व हो। निरन्तर ऋण लिएर ऋण तिर्ने चक्रमा मुलुक फस्दै गए भविष्य झन् चुनौतीपूर्ण बन्ने देखिन्छ ।

स्वास्थ्य बीमा कुनै विलासिता होइन, नागरिकको आधारभूत अधिकारसँग जोडिएको सामाजिक सुरक्षा कार्यक्रम हो। यसको प्रभावकारिता सुधार्नु राज्यको दायित्व हो, कटौती गर्नु होइन। जनता नै लोकतन्त्रको वास्तविक शक्ति भएकाले उनीहरूको अपेक्षा र आवश्यकतालाई बेवास्ता गर्नु दीर्घकालीन रूपमा राज्यका लागि हितकर हुँदैन ।

# आरोग्य जीवन राष्ट्रिय .........

मात्र होइन । यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबीचको सन्तुलित अवस्था हो । त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरू आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो । उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ, जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ । भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ । यही दृष्टिकोणलाई विश्व स्वास्थ्य संगठनले स्वास्थ्य प्रवर्द्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत जोड दिएको छ । यसको सार के हो भने स्वास्थ्य मन्त्रालयले मात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, सहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आ^ना नीति र कार्यक्रममार्फत नागरिकको आरोग्य प्रवर्द्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो । नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुनेछ ।

विश्व स्वास्थ्य संगठनले स्वस्थ बुढ्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ । नेपाल पनि क्रमशः वृद्धजनको संख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुढ्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ । नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्‍याउँछन् ।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ । सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक सङ्गठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन् । विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रभावका बीच गलत सूचना तथा छद्मवैज्ञानिक स्वास्थ्य दाबीबाट नागरिकलाई जोगाउनु आजको महत्वपूर्ण दायित्व हो ।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्वपूर्ण उत्पादनशील पुँजी हो । रोकथाममुखी सार्वजनिक स्वास्थ्य प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ । यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो ।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ । 'औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम' भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रूपान्तरण हुनुपर्दछ । जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ, तब मात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुनेछ ।

अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको संख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन । त्यसको वास्तविक मापन स्वस्थ, सचेत, नैतिक, अनुशासित, उत्पादनशील तथा सिर्जनशील नागरिकबाट हुन्छ । उपचार सधैँ अपरिहार्य रहनेछ, तर उपचारलाई मात्र स्वास्थ्यको पर्याय मान्ने सोच अब पर्याप्त छैन । भविष्यको समृद्ध नेपाल निर्माणका लागि उपचार र आरोग्यबीच सन्तुलित समन्वय स्थापित गर्दै रोकथाममुखी, मानव केन्द्रित तथा दिगो सार्वजनिक स्वास्थ्य प्रणाली निर्माण गर्नु समयको अपरिहार्य आवश्यकता हो । यही दृष्टिले आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ केवल स्वास्थ्य क्षेत्रको कार्यक्रम होइन; यो स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको साझा राष्ट्रिय अभियान हो । उपचार र रोकथामबीचको सन्तुलित समन्वयमार्फत आरोग्यमुखी संस्कृतिको विकास गर्न सकियो भने नेपालले स्वास्थ्यलाई विकासको केन्द्रमा स्थापित गर्दै समावेशी, दिगो र समुन्नत राष्ट्र निर्माणतर्फ ऐतिहासिक फड्को मार्न सक्नेछ । रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# २१३औं भानु जयन्ती .......

भवनभित्र आदिकवि भानुभक्तको जीवन, साहित्यिक योगदान र ऐतिहासिक सामग्रीलाई चित्र, अभिलेख तथा प्रदर्शनीमार्फत प्रस्तुत गरिनेछ ।

त्यसैगरी भवनमाथि ५४ फिट अग्लो पलेटी मारेर बसेको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गर्ने योजना छ । यो प्रतिमा चुँदीरम्घाको प्रमुख आकर्षण बन्ने विश्वास गरिएको छ ।

गुरूयोजनामा नेपालका सातै प्रदेशका भाषा, साहित्य र संस्कृतिको प्रतिनिधित्व हुने मूर्तिवाटिका निर्माण गर्ने योजना पनि समेटिएको छ । त्यहाँ विभिन्न साहित्यिक व्यक्तित्वका प्रतिमा स्थापना गरिनेछ। साथै भानु साहित्यिक ग्राम, भानुबस्ती, भानु प्रज्ञा भवन, वनस्पति उद्यान, वनभोजस्थल, पार्किङ क्षेत्र लगायतका संरचना निर्माण गरिनेछ।

यससँगै सप्तधाम निर्माण, चुँदीरम्घादेखि शिखरकटेरीसम्मको सडक स्तरोन्नति तथा सुविधासम्पन्न सिँढी निर्माण गर्ने योजना पनि अघि बढाइएको छ । यी संरचनाले चुँदीरम्घालाई धार्मिक, सांस्कृतिक र साहित्यिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ ।

यो योजना घोषणा मात्रै होइन, समयमै कार्यान्वयन हुनु अझ महत्वपूर्ण रहेको स्थानीय बताउँछन्। गुरूयोजना पूरा भए चुँदीरम्घामा वर्षभर पर्यटक, साहित्यकार र अध्ययन अनुसन्धान गर्नेहरूको आवागमन बढ्ने स्थानीय शंकर रानाभाटले बताए । त्यसले स्थानीय रोजगारी, पर्यटन व्यवसाय र आर्थिक गतिविधिलाई समेत नयाँ गति दिने विश्वास गरिएको छ ।

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**साउन ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**साउन ०३ गते आइतबार**

१) १) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**साउन ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

ब्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# भुजेल संस्कृति संरक्षण गरिंदै

भञ्ज्याङ समाचारदाता/दमौली

भुजेल समुदायको मौलिक सांस्कृतिक सम्पदा मानिने चुड्का नाच पछिल्ला वर्षमा ओझेलमा पर्न थालेपछि संस्कृति संरक्षणमा सक्रियता बढेको छ । भुजेल समाज सेवा समिति तनहुँले देवघाट गाउँपालिका–१ स्थित बसेनीटारमा मौलिक चुड्का नाच प्रदर्शनी आयोजना गरी संस्कृति संरक्षणमा पहल थालेको हो ।

आधुनिक जीवनशैली, गाउँबाट सहरतर्फको बसाइँसराइ, वैदेशिक रोजगारी र नयाँपुस्तामा मौलिक संस्कृतिप्रतिको घट्दो चासोका कारण पुस्तौंदेखि जोगिंदै आएको यो परम्परा अहिले संरक्षणको प्रतिक्षामा छ । यही चिन्तालाई अवसरमा बदल्ने प्रयासस्वरूप समितिले मौलिक चुड्का नाच प्रदर्शनी आयोजना गरेको हो ।

कार्यक्रममा तनहुँसहित आसपासका क्षेत्रबाट आएका आठ टोलीले चुड्का र कौरा नाच प्रस्तुत गरेका छन् । प्रत्येक प्रस्तुतिमा भुजेल समुदायको इतिहास, जीवनशैली, प्रकृतिसँगको सम्बन्ध र सामूहिक संस्कृतिको झल्को देखिन्थ्यो । देवघाट–१ स्थित बसेनीटार पुग्ने जोकोहीले गाउँमा केही विशेष भइरहेको सहजै अनुमान गर्न सक्थ्ये । खुला चौरमा परम्परागत पोशाकमा सजिएका महिला, पुरूष, युवा र ज्येष्ठ नागरिकको घुँइचो थियो ।

केही क्षणमा जब चुड्काको तालमा कलाकारका पाइला अघि बढे चौरमा उपस्थित सबैको ध्यान एउटै दृश्यमा केन्द्रित भयो । त्यो केवल एउटा नाच थिएन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको एउटा जीवन्त इतिहास थियो ।



दर्शकमाझ बसेका धेरै ज्येष्ठ नागरिकका अनुहारमा पुराना दिनहरूको सम्झना झल्किन्थ्यो भने युवापुस्ता उत्सुकतापूर्वक आफ्ना पुर्खाको सांस्कृतिक सम्पदालाई नियालिरहेको देखिन्थ्यो । एउटै चौरमा दुई पुस्ता भेटिएका थिए, एकातिर संस्कृति जोगाएर ल्याएको पुस्ता, अर्कोतिर त्यसलाई बुझ्न र सिक्न खोजिरहेको नयाँपुस्ता ।

भुजेल समाज सेवा समितिका अध्यक्ष पृथ्वी भुजेलले यो कार्यक्रम मनोरञ्जनका लागि मात्र आयोजना नगरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यदि आजैदेखि संरक्षणमा लागिएन भने केही वर्षपछि चुड्का नाच पुस्तकका पानामा मात्र सीमित हुन सक्छ । हाम्रो उद्देश्य नयाँपुस्तालाई आफ्नै संस्कृति चिनाउने र हस्तान्तरण गर्ने हो ।"

भुजेल महिला समाजकी केन्द्रीय अध्यक्ष बसुन्धरा घर्तीले भुजेल समुदायको संस्कृति संरक्षणलाई अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । नेपालका धेरै आदिवासी तथा जनजाति समुदायझैं भुजेल समुदाय पनि आफ्नो भाषा, संस्कृति र परम्परा जोगाउने चुनौतीसँग सङ्घर्ष गरिरहेकाले यसको सबैको सहकार्य र समन्वय आवश्यक पर्ने उहाँको भनाइ छ । यस्ता कार्यक्रमले समुदायलाई एकताबद्ध गर्नुका साथै आफ्नो पहिचानप्रति गर्व गर्ने वातावरण सिर्जना गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले भाषा, भेषभूषा र संस्कृतिलाई कुनै पनि समुदायको पहिचानको मेरूदण्डका रूपमा व्याख्या गर्नुभयो । उहाँले भुजेल समुदायको चुड्का नाच देवघाटको मात्र नभई राष्ट्रकै साझा सांस्कृतिक सम्पदा भएकाले यसको संरक्षणमा स्थानीय सरकार सधैं सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो । रासस

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

देश गहिरो आर्थिक मन्दी र बेरोजगारीको अवस्थाबाट गुज्रिरहेको छ। त्यसमाथि, खराब सार्वजनिक सेवाबाट जनता आक्रोशित छन् । यस्तो परिस्थितिमा सरकार चलाउन सुधारका गम्भिर प्रयास र आम जनतासँग विनम्र संवाद चाहिन्छ। सरकारलाई न सुधारमा चासो न संवादमा! परिणाम त मुठभेड नै होलाजस्तो छ !



**Raamesh**
x.com/RaameshKoirala

काठमाण्डौंलगायत शहरी सुकुम्बासी समस्याको समाधान शायद हरेक नगरपालिकाले फरक फरक ठाउँमा परिवारसंख्याको १% बहुतले आवास बनाई भाडा तिर्न नसक्ने गरीब परिवारलाई नन्–ट्रान्स्फरको सर्तमा अतिन्युनशुल्कमा उपलब्ध गराउनु हो। 'बाँच्न' शहर पसेकालाई बर्दिया वा झापाको एककट्ठाले गाउँ त फर्काउन्न।



**Krishna Ghimire**
x.com/kghimire1

लामो समय शासन गरेका दलका कथित नेताको वर्तमान गतिविधिले प्रष्ट गर्दैछ, अनुहार र परिवेश बदलिए पनि दासप्रवृति र मनोवृति सजिलै बदलिंदैन। इण्डियनहरू भन्छन्, अंग्रेजको दासत्वबाट मुक्त भए पनि शासक र जनतामा दासत्वोवृति नासिएको छैन। यो कथन नेपालमा पनि ठिक्क, तर स्वदेशीको दासत्वमा रूपमा!

# व्यासको प्राथमिकता : ....

विकास आयोजना छनोट गर्ने नीति अवलम्बन गरिएको छ ।

विकास आयोजनामा उपभोक्ताको सहभागितालाई पनि स्पष्ट रूपमा निर्धारण गरिएको छ। नगरप्रमुख न्यौपानेले आगामी आर्थिक वर्षदेखि उपभोक्ता समितिमार्फत सञ्चालन हुने रू १० लाखभन्दा कम लागतका योजनामा तीन प्रतिशतमात्रै 'कन्टिन्जेन्सी' कट्टा गरिने जानकारी दिए । उनले भने, "यसले स्थानीयस्तरमा साना विकास योजनाको प्रभावकारिता बढाउनुका साथै मर्मतसम्भारका लागि छुट्टै स्रोत सुनिश्चित गर्न सहयोग पुग्नेछ।"

सहरी क्षेत्रका चोक, सडकपेटी तथा जीर्ण सडकको स्तरोन्नतिका लागि सडक बोर्ड नेपालसँग सहकार्य गरिनेछ । नगरभित्रका सबै सडकको वर्गीकरण गरी सडक किनारमा वृक्षरोपण अभियान सञ्चालन गरेर हरियाली प्रवर्द्धन गरिने नीति अघि सारिएको छ ।

नगरप्रमुख न्यौपानेले सेती र मादी नदी उपत्यकामा रहेको व्यास मार्ग तथा बुद्धसिं मार्गलाई यस क्षेत्रको 'जीवनरेखा'का रूपमा विकास गर्ने लक्ष्य राखिएको बताए। तनहुँ, लमजुङ र कास्की हुँदै गण्डकी र बागमती प्रदेश जोड्ने उक्त सडकलाई 'व्यास–बुद्धसिं मार्ग' नामकरण गरी संघीय सरकारअन्तर्गत निर्माण तथा विस्तारका कामलाई पूर्णता दिन पहल गरिने उहाँले जानकारी दिए।

# गण्डकी प्रदेशमा सर्पदंशका बिरामी वृद्धि

भञ्ज्याङ समाचारदाता/मध्यविन्दु

गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापूर्व) सर्पदंशका घटनाको उच्च जोखिममा रहेको देखिएको छ । प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असारसम्म जिल्लामा मात्रै ६७० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन् । तीमध्ये २५ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ ।

तथ्याङ्कअनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा एक हजार २९ जना सर्पदंशका घटना दर्ता भएका थिए भने ५२ जनामा विषालु सर्पदंश भएको थियो ।

यस जिल्लाको भौगोलिक अवस्था, तराई क्षेत्र, घना वन, खेतीपाती र वर्षायाममा सर्पको सक्रियता बढ्ने भएकाले अन्य जिल्लाको तुलनामा यहाँ सर्पदंशका घटना बढी हुने गरेको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशव चापागाईंले बताउनुभयो। उहाँका अनुसार सर्पले टोकेपछि झारफुक वा घरेलु उपचारमा अल्झिनुभन्दा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुग्नु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

"सर्पदंशपछि बिरामीलाई सकेसम्म शान्त राखी तुरून्त उपचारका लागि अस्पताल पुऱ्याउनुपर्छ", उहाँले भन्नुभयो, "समयमै उपचार पाए अधिकांश बिरामीको ज्यान बचाउन सकिन्छ । वर्षायाममा खेतबारीमा काम गर्दा जुत्ता लगाउने, राति टर्चको प्रयोग गर्ने र घर वरिपरिको झाडी सफा राख्नेजस्ता सावधानी अपनाउन आवश्यक छ ।"

गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्तापूर्व)पछि चालु आवमा तनहुँमा २७९, कास्कीमा १८७, स्याङ्जामा १७७, लमजुङमा ९३, म्याग्दीमा ५७, गोरखामा ४६, बागलुङमा ३८ र पर्वतमा १६ सर्पदंशका घटना दर्ता भएका छन्। मनाङ र मुस्ताङमा भने कुनै घटना दर्ता भएका छैनन् ।

प्रदेशस्तरको तथ्याङ्क हेर्दा पनि सर्पदंशका घटना क्रमशः घट्दो देखिएको छ। आव २०८२/८३ मा गण्डकी प्रदेशभर एक हजार ५६० जना सर्पदंशका बिरामी स्वास्थ्य संस्थामा पुगेका छन्, जसमध्ये ९२ जनामा विषालु सर्पले टोकेको पुष्टि भएको छ । अघिल्लो आव २०८१/८२ मा प्रदेशभर दुई हजार २०१ सर्पदंशका घटना र १८६ विषालु सर्पदंशका बिरामी दर्ता भएका थिए । त्यस्तै आव २०८०/८१ मा एक हजार ८७६, २०७९/८० मा एक हजार ७२४ र २०७८/७९ मा एक हजार ४४१ सर्पदंशका घटना अभिलेख भएका थिए ।

वर्षायाममा सर्पको गतिविधि बढ्ने भएकाले सर्पदंशबाट बच्न व्यक्तिगत सावधानी अपनाउनुका साथै सर्पले टोकेपछि ढिलाइ नगरी स्वास्थ्य संस्थामा पुग्नु नै ज्यान जोगाउने सबैभन्दा भरपर्दो उपाय भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपुरका प्रमुख चापागाईंले बताउनुभयो । रासस

# बदलिंदो मौसमले फेरिएको ....

प्रमुख निरञ्जन पौडेलका अनुसार असार अन्त्यसम्म पालिकाभित्र करिब ५५ प्रतिशत मात्र रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा करिब ७० देखि ८० प्रतिशतसम्म रोपाइँ सकिइसकेको थियो । दोर्दी गाउँपालिकाका अधिकांश क्षेत्र आकाशे पानीमा निर्भर छ । स्थायी सिँचाइ सुविधा न्यून रहेका कारण किसान वर्षाको भरमा खेती गर्न बाध्य छन् । पर्याप्त पानी नपर्नु र खेतमा भल नआउनु यस वर्ष रोपाइँ ढिलाइको कारण बनेको छ ।

दोर्दी गाउँपालिका–४ नौथर सेराका किसान लक्ष्मण गुरूङ पनि ढिला रोपाइँबाट प्रभावित हुनुहुन्छ । करिब आठ रोपनी जग्गा रहेका उहाँले पानी पुगेको क्षेत्रमा मात्र रोपाइँ गर्नुभएको छ। "करिब चारदेखि साढे चार रोपनी जति जग्गामा रोपाइँ भइसकेको छ । बाँकी जग्गामा पानी नभएकाले रोपाइँ रोकिएको छ । पानी परेपछि रोप्ने तयारीमा बसेका छौं," उहाँले भन्नुभयो ।

दोर्दी गाउँपालिका–८ दुबार गाउँकी किसान लालमाया मिजार पनि खेत तयार पारेर पानीको प्रतीक्षामा हुनुहुन्छ । गत वर्ष यही समयमा पाँच–छ हल खेतमा रोपाइँ सकिसकेको भए पनि यस वर्ष गाउँका अधिकांश किसानको रोपाइँ बाँकी रहेको उहाँले बताउनुभयो । दुबार, बन्सार, खिमचोक क्षेत्रमा आकाशे पानीकै भरमा खेती गर्नुपर्ने अवस्था छ । विगतमा मूल फुटेर खोला–नाला बढेपछि त्यही पानी प्रयोग गरेर रोपाइँ गर्ने गरिए पनि यस वर्ष पर्याप्त पानी नपरेपछि किसान अन्यौलमा रहन बाध्य छन्।

अर्कातर्फ लामो समयसम्म रोपाइँ नभएर बीउ राख्दा उत्पादनमा असर पर्ने किसानको चिन्ता छ । सामान्यतया ४० दिनभित्र रोप्नुपर्ने धानको बीउ कतिपय किसानको दुई महिनासम्म पुग्न लाग्दा रोप्न नपाएको किसान मिजारको गुनासो छ । मौसममा आएको फेरबदलले लमजुङका किसानको खेती गर्ने समय र परम्परागत कृषि क्यालेन्डरमा समेत परिवर्तन ल्याएको छ । रोपाइँका लागि खेत र बीउ तयार छ, पानीको अभावले काम रोकिएको धान रोपाइँ प्रभावित भएको छ ।

समयमै रोपाइँ हुन नसक्दा धान पाक्ने समय पछाडि सर्ने र उत्पादन घट्ने किसानमा चिन्ता उत्तिकै छ । असारमा सकिनुपर्ने रोपाइँ साउन कुर्नुपर्ने बाध्यता पर्नुले बदलिँदो प्राकृतिक अवस्थासँग किसानले गरिरहेको संघर्ष उदाहरण बनेको छ । रासस

# 'हरित आय'ले बदलेको महिलाको दैनिकी

रासस/ढोरपाटन

तीन वर्ष अघिसम्म बडिगाडका महिला चुलोचौको र खेतबारीकै काममा सीमित थिए । वर्षभरि बारीमा लगाएको धान, गहुँ, मकै र कोदोले छ महिना खान पुग्दैनथ्यो । चुरा, पोते र सामान्य शृङ्गारका सामान किन्न पनि श्रीमान् र परिवारमै भर पर्नुपर्ने अवस्था थियो। तर अहिले उनीहरू खाद्यबालीमात्रै खेती गर्दैनन् । मकै, कोदो गहुँ फलाउने बारीमा आजकल लटरम्म गोलभैंडा, अकबरे फल्छन् । गाईभैंसी बाँध्ने गोठ आधुनिक खोरका रूपमा विकास भएका छन् ।

खोरमा रहर लाग्दा बाख्राका पाठापाठी र बोका रमाइरहेका देखिन्छन् । व्यावसायिक कृषि र पशुपालनमा लागेका महिला सामान्य खर्चको जोहो गर्न अरूमा निर्भर हुनु पर्दैन । बाह्रै महिना परम्परागत खेतीपाती गर्दै आए पनि परिवार चलाउन समस्या हुन्थ्यो । तर, अहिले मौसमी तथा बेमौसमी तरकारी फलाउँदा परिवार चलाउन समस्या छैन । बडिगाड गाउँपालिका र अन्य साझेदार संस्थाको सहयोगमा सञ्चालित 'हरित आय' कार्यक्रममार्फत यहाँका महिला आत्मनिर्भर बन्ने बाटोमा छन् ।

विसं २०८० पुसदेखि 'हरित आय' कार्यक्रम बडिगाडका १० वटै वडामा कार्यान्वयन भइरहेको छ । कार्यक्रमले गाउँगाउँका महिलालाई एकताबद्ध गरेर सामूहिक तथा एकल रूपमा व्यावसायिक कृषि र पशुपालनतर्फ आकर्षित गरेको छ । कार्यक्रममा एक हजार ५६ घरपरिवारका महिला आबद्ध भएर उद्यमी बन्न थालेको बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । "हरित आय कार्यक्रमले यहाँका महिला दिदीबहिनीको जीवनशैली बदलिएको छ, विगतमा सामान्य खर्च जुटाउनका लागि अरूमा निर्भर हुनुपर्थ्यो भने अहिले आफ्नै मिहिनेतले हाम्रो आम्दानी गर्ने हुनुभएको छ", अध्यक्ष अधिकारीले भन्नुभयो, "यो कार्यक्रमले गरिबी निवारण गर्न र महिलालाई आत्मनिर्भर बनाउन थालेको छ ।"

कार्यक्रमले ग्रामीण महिलाको आयआर्जनसँगै नेतृत्व र सकारात्मक सोचको विकास गरेको बडिगाड गाउँपालिका–१ की उद्यमी दुर्गा थापाले बताउनुभयो । गत वर्षसम्म तरकारीसमेत बजारबाट किनेर खाने गरेकामा अहिले बारीभरि लटरम्म गोलभैंडा, अकबरे उत्पादन भएको उहाँको भनाइ छ । हरित आय कार्यक्रममार्फत तरकारीखेती, बाख्रापालन र नेतृत्व विकाससम्बन्धी तालिम दिएपछि अहिले दैनिकी फेरिएको थापाले सुनाउनुभयो ।

उहाँले भन्नुभयो, "पहिला हाम्रो दैनिकी चुलोचौको र अरूको मेलापात गर्दा बित्थ्यो, तर अहिले त्यो अवस्था फेरिएको छ । आफ्नै बारीमा काम गर्दा भ्याइनभ्याई छ, पहिले मकै, कादो र फापर फलाएर वर्षभरि खान पुग्दैनथ्यो, अहिले त्यही बारीमा फलेको तरकारीले वर्षभरि खान पुग्छ, बालबच्चालाई पढाउन र घर खर्च चलाउने पैसा पनि आउँछ ।"

कार्यक्रममार्फत महिलाई उन्नत जातका बाख्रा, बोका, मिनिटेलर हलो, प्लास्टिक टनेल उपलब्ध गराइएको थियो । बडिगाड–७ को टुनीबोटका महिलाले बारीमा व्यावसायिक अकबरे लगाएका छन् । रासस

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास–२, दमौली, तनहुँ । फोनः ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४